# आयोजनाहरूको बहुवर्षीय ठेक्का बन्दोवस्त सम्बन्धी निर्देशिका

## २०७३


राष्ट्रिय योजना आयोग

सिंहदरवार

## १.पृष्ठभूमि

विकास आयोजनालाई नतिजामूलक बनाउन आयोजनाहरूको समयावधि कति हुने भन्ने विषय महत्वपूर्ण हुन्छ । एक वर्षभित्र सम्पन्न हुनसक्ने आयोजनालाई सालवसाली रूपमा र सोभन्दा बढी समयावधि लाग्ने आयोजनालाई बहुवर्षीय रूपमा लिइदैं आएको छ । तर वहुवर्षीय योजनाको सम्बन्धमा स्पष्ट मापदण्ड नहुँदा विकास निर्माण गर्ने निकायहरूबीच नैं कस्तो प्रकृतिको, कति अवधिको र के-के न्यूनतम आधार पूरा भएको आयोजनालाई वहुवर्षीय ठेक्का बन्दोवस्तमा व्यवस्थापन गर्ने सम्बन्धमा एकरुपता भएको पाइदैंन । मन्त्रालयहरुबाट आयोजनाहरुको बहुवर्षीय ठेक्का बन्दोवस्तका लागि अनुरोध भएर आउने तर सम्बद्ध आयोजनाका लागि आवश्यक हुने स्रोत, संस्थागत क्षमता लगायतका विषयमा ध्यान दिने नगरिएकाले बहुवर्षीय ठेक्का बन्दोबस्तको कार्य निकायगत सहजताका हिसावमा मात्र अघि बढ्दै आएको छ ।

आयोजनाहरूको बहुवर्षीय ठेक्का व्यवस्थापनका लागि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (७) को उप-नियम (१) वमोजिम सार्वजनिक निकायले एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागि खरिद गर्दा वा वार्षिक दश करोड रुपैयाँभन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरुयोजना तयार गर्नुपर्ने प्रावधानको व्यवस्था गरेको छ । तर अन्य आधार तथा मापदण्डको उल्लेख गरेको छैन ।

विगत केही समय यता निश्चित मापदण्ड विनानै पूर्वाधार आयोजनाहरुको असीमित रुपमा बहुवर्षीय ठेक्का प्रक्रिया अघि बढी रहेकाले आगामी बर्षहरुमा सरकारको बजेटमा ठूलो भार पर्दै जाने देखिएको छ । आ व २०७२/७३ को अन्तसम्ममा नै बहुवबुर्षीय ठेक्काको रकम करव रु ४० अर्व पुगिसकेको छ । यसले आगामी आर्थिक बर्षहरुका खर्च व्यवस्थापन जटिल जटिल हुदै जाने अवस्था देखिएको छ ।

उपरोक्त सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा मिति २०७२।९।१७ बसेको राष्ट्रिय विकास समस्या समाधान समितिको ३५ औं बैठकको निर्णयको बुँदा नं.२ अनुसार वहुवर्षीय आयोजनाको ठेक्का व्यवस्थापनका लागि राष्ट्रिय योजना आयोगले मापदण्ड सहितको निर्देशिका बनाउने निर्णय भएकोले सरोकारवाला विभिन्न निकाय एवम् विज्ञहरूसंगको छलफल पश्चात यो निर्देशिका तर्जुमा गरिएको छ ।

## २.निर्देशिकाको आवश्यकता

प्रस्तुत निर्देशिका तर्जुमा गर्नका कारण वा निर्देशिकाको आवश्यकताहरू देहाय बमोजिम छन् :

- आयोजनालाई निर्दिष्ट समयभित्र सम्पन्न गर्न,
- आयोजनालाई आवश्यक स्रोतको सुनिश्चितता गर्न,
- आयोजनाको लागत बढन नदिन,

- आर्थिक/सामाजिक दृष्टिकोणले महत्वपूर्ण आयोजनाको स्रोत अनुमानयोग्य बनाउन,
- आयोजना अनुशासन कायम गर्न,
- तदर्थ रूपमा बहुवर्षीय ठेक्का बन्दोबस्त गर्ने कार्य निरुत्साहित गर्न ।

**३.उद्देश्यहरू :** आयोजनाहरूको बहुवर्षीय ठेक्का व्यवस्थापन सरल, सहज र अनुमानयोग्य बनाउन आयोजनाहरूको बहुवर्षीय ठेक्का व्यवस्थापनका लागि मापदण्ड सहितको निर्देशिकाका उद्देश्यहरू देहाय बमोजिम हुनेछन्:

- आयोजनाको वहुवर्षीय खरिद प्रक्रियालाई सरल बनाउने,
- बहुवर्षीय रुपमा कार्यान्वयनमा जाने आयोजनाहरुका लागि स्रोत अभाव हुन नदिने,
- बजेट विनियोजनमा प्राथमिकता दिने,
- बहुवर्षीय रुपमा कार्यान्वनमा जाने आयोजनाहरुको स्रोत अनुमानयोग्य बनाउने,
- आयोजनाको सम्पन्न हुने समयसीमा निर्धारण गर्ने,
- वजेट तथा मध्यकालीन खर्च संरचनावीच सु-सम्बन्ध स्थापित गर्ने,
- आयोजना कार्यान्वयनमा आइपर्ने व्यवधान जस्तै, (जग्गा प्राप्ति, वातावरणीय प्रभाव परिक्षण आदि) लाई आयोजना सञ्चालन अगावैं सम्बोधन गर्ने ।

**४. मापदण्ड तथा आधारहरु : आयोजनाहरुलाई बुहवर्षीय ठेक्का बन्दोवस्तमा लैजानु अघि निर्णय गर्दा देहायका आधार तथा मापदण्डलाई अनिवार्य रुपमा अपनाउने :**

क) आयोजना परिपक्वताको सन्दर्भमा यी आधार पूरा भएको हुनुपर्ने :

१. विस्तृत आयोजना प्रतिवेदन तयार भएको,

२. आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन/प्रारम्भिक वातावरणीय परीक्षण सम्पन्न भएको,

३. बहुवर्षीय ठेक्का व्यवस्थापनका लागि जग्गा प्राप्तिको प्रक्रिया कम्तिमा ५०% टुङ्गिएको,

ख. राष्ट्रिय महत्वको आयोजनाका रूपमा रहेको,

ग. स्रोत सुनिश्चितता भएको (मध्यकालीन खर्च संरचनामा उल्लेख भएअनुरुप),

घ. बैदेशिक सहायता संलग्न भएको आयोजनाका हकमा दातृ निकायसँग सम्झौता भै स्रोत सुनिश्चित भएको ।

ङ. आयोजनाको दायित्व फरफारक गर्न दुईबर्षभन्दा बढी समय लाग्ने हुनुपर्ने,

ज. लागत साझेदारीमा सञ्चालन हुने आयोजना भए साझेदारीको प्रकृति र अनुपात सुनिश्चित भएको

झ. प्रत्येक बर्ष सञ्चालन हुने क्रियालाप र नतिजा झल्किने गरी खरिद गुरुयोजना स्वीकृत भएको ।

**५. क्षेत्रगत आधार :** आयोजनाहरु कार्यप्रकृति र विषयका आधारमा फरक हुने भएकाले विषयगत मन्त्रालयहरुले आफ्ना विषय क्षेत्रमा सञ्चालन हुने आयोजना/कार्यक्रमहरुको क्षेत्रगत (विशेषीकृत) मापदण्ड बनाउन सक्नेछन् । तर त्यसलाई अन्तिम रुप दिनुअघि राष्ट्रिय योजना आयोगबाट सहमति लिनुपर्नेछ ।

यो निर्देशिका आ व २०७३/७४ देखि बहुबर्षीय ठेक्का बन्दोवस्त भै कार्यान्वयनमा जाने आयोजनाहरुको हकमा  लागु हुने छ ।